## ग्लोबल फन्डको आर्थिक सहायता प्रदान गर्ने प्रकृया

ग्लोबल फन्डको आर्थिक सहायता प्रदान गर्ने प्रकृयाले समुदाय, मुख्य समूह, मानव अधिकार तथा लैंगिक प्राथमिकताहरुको समावेशिकरणका लागि विभिन्न अवसरहरु प्रदान गर्दछ । समुदायका विभिन्न समूहले आफ्नो सीआरजी प्राथमिकताहरुलाई कसरी शसक्त बनाउने सम्बन्धी झलक तल प्रस्तुत गरिएको छ ।

नोट गर्नुहोस्–समुदायका विभिन्न समूह, मुख्य समूह तथा नागरिक समाजको प्राविधिक सहयोगमा पहूँच वृद्धि गर्नका लागि ग्लोबल फन्डको समुदाय, अधिकार तथा लैंगिक सम्बन्धी रणनीतिक प्रयाश ( सीआरजी-एसआई अन्तर्गत एउटा प्राविधिक सहयोग कार्यक्रम (Technical assistance programme) रहेको छ ।

## योग्यता तथा विनियोजन वा निर्धारण

तीन वर्षे बजेट विनियोजन अवधी शरु हुनुअघि ग्लोबल फन्डले आर्थिक सहायताका लागि कुन कुन राष्ट्रहरु योग्य छन् भनेर निर्धारण गर्दछ । ग्लोबल फन्ड स्रोत सम्बन्धी योग्यता निर्धारण नीति ग्लोबल फन्ड बोर्डले निर्धारण गर्दछ जुन सम्बन्धित राष्ट्रको आय अनुसारको वर्गिकरण (प्रतिव्यक्ति आयको तीन वर्षे औसतको आधारमा मापन गरिने) तथा सम्बन्धित राष्ट्रको रोगको बोझ (विश्व स्वास्थ्य संगठन र युएनएड्स को सुचकांकमा आधारित हुने) मा आधारित हुन्छ ।

ग्लोबल फन्ड रणनीति २०१७-२०२२ ले सबैभन्दा उच्च रोगको बोझ भएका तथा सबैभन्दा न्यून आर्थिक क्षमता भएका राष्ट्रहरुमा गरिने लगानीलाई प्राथमिकता दिएको छ । यस अन्तर्गत उच्च तथा असमानुपातिक रुपमा एचआईभीको बोझ रहेको तथा बहु औषधी प्रतिरोधी टी.वी. को बोझ उच्च रहेको समुदायका किशोरी तथा जवान महिलाहरु लक्षित क्रियाकलापहरुको विस्तार गर्ने, तीनवटा रोगहरुबाट असमानुपातिक रुपमा प्रभावित भएका मुख्य तथा जोखिममा रहेका समूहहरु लक्षित तथ्यमा आधारित कार्यक्रमहरुको विस्तार गर्ने तथा सेवाको पहूँच संग सम्बन्धित अवरोधहरु हटाउने कार्यक्रमहरुको विस्तार गर्ने क्रियाकलापहरु पर्दछन् । नयाँ रणनीति अन्तर्गत समुदायका प्रणाली तथा प्रतिकार्य, मुख्य जनसांख्यिक समूह, लैंगिक तथा मानव अधिकार जस्ता विधाहरुलाई प्राथमिकतामा माथि उठाईएको छ ।

माथि उल्लेखित विभिन्न विधाहरुको आधारमा राष्ट्रको योग्यता निर्धारण गरिसकेपश्चात ग्लोबल फन्डले योग्य राष्ट्रहरुको सूचि तथा तीनीहरुको सम्बन्धित रोगको (एचआईभी, टीवी, र/वा मलेरिया) लागि योग्यता सार्वजनिक रुपमा प्रकाशित गर्दर्छ । यहाँ महत्वपूर्ण कुरा के छ भने कुनै राष्ट्र कुनै एउटा रोगको लागि योग्य हुन सक्छ तर अर्को रोगको लागि योग्य नहुन सक्छ । योग्यता सम्बन्धी सूचि वार्षिक रुपमा अद्यावधिक गरिनेछ ।

बजेट विनियोजन अवधी तीन वर्षको लागि हुनेछ । यस अनुसार अर्को चक्र सन २०२१ देखि २०२४ सम्मको लागि हुनेछ । यो अवधी शुरु हुनु अघि सबै योग्य राष्ट्रहरु र ती राष्ट्रहरुका निम्ति योग्य सबै रोगहरुको लागि विनियोजित रकम हिसाब गरिनेछ । विनियोजन गरिने रकमको हिसाब सम्बन्धित राष्ट्रको 'रोगको बोझ' तथा 'कुल राष्ट्रिय आय' मा आधारित सुत्रको प्रयोग गरी गरिनेछ । यसरी आउने कुल रकममा परिमार्जन गर्नका लागि विभिन्न गुणात्मक पक्षहरु पनि जोडेर हेरिनेछ । मुख्य रुपमा

गुणात्मक पक्षहरुमा विनियोजित रकम खर्च गर्न सक्ने क्षमता तथा त्यसबाट उपलब्धि (असर) हांसिल गर्न सक्ने क्षमता लाई विश्लेषण गरिनछ । सन् २०२१-२०२४ को बजेट विनियोजन अवधीका लागि एचआईभी को बजेट परिमाण एचआईभी को प्रिभ्यालेन्स (नयाँ तथा पुरानो रोगको संख्या) मुख्य जनसांख्यिक समूहमा केन्द्रित भएका स्थानलाई उचित सम्बोधन हुने गरी समायोजित गरिनेछ ।

बजेट परिमाण निर्धारण भएपश्चात प्रत्येक रोगका लागि उपलब्ध हुन सक्ने बजेट सम्बन्धी सूचना सीसीएम लाई दिईनेछ । सम्बन्धित राष्ट्ले सूचना प्राप्त गरेपश्चात विभिन्न रोगका लागि निर्धारण गरिएको बजेट लाई पुनः विनियोजन गर्ने निर्णय गर्न सक्नेछन् (एउटा योग्य रोगको लागि विनियोजन गरिएको बजेट लाई अर्को योग्य रोगका लागि विनियोजन गर्ने) । यसका साथै निर्धारित बजेटको केही भाग लचक वा बलियो तथा दीगो स्वास्थ्य प्रणाली (समुदायको विद्यमान प्रणाली समेत) लाई सहयोग गर्ने कार्यक्रमका लागि पनि छुट्याउन सकिनछ । तथापी सीसीएम ले यसरी गरिने हेरफेरका बारेमा ग्लोबल फन्डलाई सूचित गर्नु पर्दछ र उपयुक्त नदेखिएको अवस्थामा यसका लागि स्वीकृती नहन पनि सक्दछ । यसका माथि उल्लेखित पुनः विनियोजन गर्ने निर्णयका लागि सीसीएम ले समावेशी रुपमा वृहत रुपमा सरोकारवालाहरुसंग परामर्श गरेको हुनु पर्दछ ।

सम्बन्धित राष्ट्रहरुले बजेटको लागि आवेदन (अवधारण पत्र अर्थात कन्सेप्ट नोट) योजना अनुसारको सबमिसन विन्डो मा दिन सक्नेछन् । यसो गर्नुको मुख्य उद्धेश्य चालु विनियोजन अवधी समाप्त भएपश्चात तत्काल नयाँ विनियोजन अवधिको क्रियाकलाप शुरु गर्न सहज बनाउनु हो । विनियोजित बजेट कार्यक्रम लागु गर्ने तोकिएको् अवधी बजेट स्वीकृत भएर हस्ताक्षर भएपश्चात तीन वर्षको हुनेछ । तथापी सन् २०२१-२४ को सबै बजेट आवेदन सोही अवधीमा पुरा गर्नु पर्नेछ ।

**नयाँ**

सन् २०२१-२०२४ को बजेट विनियोजन अवधीको शुरुवातसंगै ग्लोबल फन्डले आर्थिक सहयोग प्रकृयाको विभिन्न पाटोका लागि डिफरेन्सिएसन फ्रेमवक (differentiation framework) को अवलम्बन गर्नेछ जसले योग्य राष्ट्रहरुले अवलम्बन गर्नुपर्ने प्रकृयाहरुलाई प्रभावित गर्नेछ ।

ग्लोबल फन्डका लागि योग्य राष्ट्रहरुलाई लगानीको आधारमा केन्द्रित राष्ट्रहरु (focused), मुख्य राष्ट्रहरु (core) र उच्च प्रभावीत राष्ट्रहरु (high impact) गरी तीनवटा समूहमा वर्गिकृत गरिएको छ । केन्द्रित राष्ट्रहरु (Focused countries) – अमेरिकन डलर ७५ मिलियन भन्दा कम बजेट विनियोजन भएका तथा रोगको बोझ कम भएका राष्ट्रहरु यस वर्गमा पर्दछन् । मुख्य राष्ट्रहरु (Core countries)– अमेरिकन डलर ७५ मिलियन भन्दा बढी तर ४०० मिलियन भन्दा कम बजेट विनियोजन भएका, लगानीको जोखिम बढी भएका तथा रोगको बोझ बढी भएका राष्ट्रहरु यस वर्गमा पर्दछन् । उच्च प्रभावित राष्ट्रहरु (High impact countries) – अमेरिकन डलर ४०० मिलियन भन्दा बढी बजेट विनियोजन भएका तथा रोगको बोझ अत्यन्तै उच्च भएका (विश्वको ७५ प्रतिशत रोगको बोझ) राष्ट्रहरु यस वर्गमा पर्दछन् । आवेदन प्रकृया तथा पुनरावलोकन लाई तीनवटा पद्धतीमा विभाजन गरिएको छ :

CCM NEPAL

| | |
|---|---|
| १ | **कार्यक्रमको निरन्तरताः** वस्तुगत रुपमा धेरै परिवर्तन नगरिएका कार्यक्रम भएका राष्ट्रहरुको आवेदन प्रकृया धेरैनै छोटो हुनेछ र यसका लागि आवेदन सामग्रीहरु पनि  कम हुनेछन् । यसको निर्धारण ग्लोबल फन्ड सचिवालय (मौजुदा सूचनाको संकलन तथा विश्लेषणका आधारमा) तथा सी.सी.एम. (राष्ट्रिय रणनीति, लगानीको प्राथमिकता तथा कार्यसम्पादनका आधारमा) ले छुट्टै मूल्याङ्कन प्रकृयाबाट गर्नेछन् । यस पद्धतीबाट दिईएको आवेदन लाई वा टिआरपि वा प्राविधिक पुनरावलोकन समूह (Technical Review Panel) बाट वैधिकरण गरिनु पर्दछ । तत्पश्चात आवेदन तुरुन्तै अगाडीको चरणमा प्रवेश गर्दछ ।<br>मुख्य गरेर केन्द्रित राष्ट्रहरु (focused countries) का लागि र २ वर्षभन्दा कम संचालन अवधी भएका वा कार्य सम्पादन राम्रो भएका र वस्तुगत परिवर्तन नभएका केन्द्रित भागहरु (core components) लागि यो पद्धती सिफारिश गरिएको छ । उच्च प्रभाव पार्ने भागहरुका लागि केश अनुसार छुट्टै सम्बोधन गर्न सकिनेछ । |
| २ | **परिवेश सुहाँउदो** (Tailored) : यस पद्धती अन्तर्गत आवेदन सामग्री तथा पुनरावलोकन प्रकृयाहरु सम्बन्धित राष्ट्रको निर्दिष्ट परिवेशका आधारमा निर्धारण गरिनेछ । तलको अवस्थामा यस पद्धती अनुसार आवेदन दिन सकिनेछ - यदि निर्धारित कार्यक्रम सम्बन्धी क्षेत्रमा भएको वस्तुगत परिवर्तन छ भने, यदि कुनै राष्ट्र ग्लोबल फन्ड सहयोग आवश्यक नहुने अवस्थामा परिवर्तित हुन लागेको छ भने, यदि कुनै राष्ट्र चुनौतीपूर्ण कार्य वातावरण हुने राष्ट्रको रुपमा वर्गिकृत छ भने, यदि आर्थिक सहयोगका लागि दिईने आवेदनले सिकाईका अवसरहरु दर्शाएको छ भने (उदाहरणका लागि राष्ट्रिय रणनीतिक योजनाको सोझै लगानी वा श्रृजनशिल वित्तिय व्यवस्थापन) |
| ३ | **पूर्ण आवेदन तथा पूर्ण पुनरावलोकन** (Full proposal and full review) : यस अन्तर्गत दिईने आवेदनका लागि स्तरीय प्रकृया तथा पुनरावलोकनको अवलम्बन गरिनेछ । उच्च प्रभावित (high impact) वर्गिकरणमा परेका धेरैजसो राष्ट्रहरु यस पद्धती अन्तर्गत पर्दछन् तर केही केन्द्रित ( focused) वा मुख्य (core) राष्ट्रहरुको लागि पनि यो पद्धती शिफारिस गर्न सकिनेछ । विगतका बजेट विनियोजन अवधीमा प्राविधिक पुनरावलोकन समूहले पुनरावलोकन नगरेका सबै कार्यक्रमका भाग ( अङ्ग) हरुका लागि पूर्ण आवेदन तथा पुनरावलोकनको लागि पेश गरिनु पर्दछ ।<br>**सामुदायिक निर्देशिका**<br>● छिट्टै शुरुवात गर्नुहोस् । ग्लोबल फन्डको बारेमा, यसको आर्थिक सहयोग गर्ने प्रकृयाको बारेमा, सहभागी विभिन्न सरोकारवालाहरुको बारेमा तथा आफ्नै देशको रोगको अवस्था तथा रणनीतिहरुका बारेमा जानकारी लिनुहोस् ।<br>● समुदाय, मुख्य समूह, मानव अधिकार तथा लैंगिक समानता सम्बन्धी मुद्धाहरु तथा तीनीहरुको रोगसंगको सम्बन्धका बारेमा जानकारी लिनुहोस् । युएनडीपी तथा युएनएड्स जस्ता संस्थाबाट सबै रोगहरु सम्बन्धी गरिएको हुन सक्ने मानव अधिकार तथा लैंगिक समानता सम्बन्धी लेखाजोखाको प्रतिवेदनमा पहूँच बढाउनुहोस् र त्यस संग परिचित हुनुहोस् । उदाहरणका लागि युएनडीपी ले एसिया पेसिफिक क्षेत्रमा एच.आई.भी. सेवाको पहूँचमा बाधा पुऱ्याउने कानूनि तथा नीतिगत अवरोधहरु सम्बन्धी प्रतिवेदन हरुलाई संग्रहित गरेको छ ।<br>● तपाईंको सीआरजी प्राथमिकताहरु तय गर्नुहोस् र तीनलाई सहयोग गर्ने तथ्य (प्रमाण) |

CCM NEPAL

| | |
|---|---|
| | हरु मजबुत बनाउनुहोस् । सीआरजी सम्बन्धी क्रियाकलापहरुको संचालनले (वा यस्ता क्रियाकलाप संचालन नगर्नाले) कसरी चालु कार्यक्रमहरुको प्रभावकारीतालाई प्रभाव पार्दछ भन्ने कुराको दस्तावेज तयार गर्नुहोस् ।<br>● तपाईंको सहभागीतको उद्धेश्य तथा रणनीतिहरु तय गर्नुहोस् । प्राविधिक सहयोगदाताहरुसंग समस्या तथा चुनौतीहरु सम्बोधन गर्न सहयोग माग्नुहोस् । क्षेत्रीय स्तरमा हुन सक्ने कुनै किसिमका नागरिक समाज तथा मुख्य जनसांख्यिक समूहलाई प्रतिनिधित्व गर्ने संस्थाहरु ( जसले तपाईंको संस्थालाई सहयोग गर्न सक्दछन्) को खोजी गर्नुहोस् ।<br>● तपाईंको देशको सीसीएम र ग्लोबल फन्डको राष्ट्रिय समूह अथवा विकासका साझेदार जस्तै युएनएड्स र विश्व स्वास्थ्य संगठन हरु संगको सम्पर्क बढाउनुहोस् र तपाईंलाई यस प्रकृयामा सहभागी हुनका लागि आवश्यक सूचनाहरुमा पहूँच वृद्धि गर्नुहोस् । तपाईंको देशका सीसीएम का प्रतिनिधिहरु को को छन् भनी जानकारी लिनुहोस् ।<br>● मुख्य समूह, मानव अधिकार तथा लैंगिक समानता सम्बन्धी मौजुदा निर्देशिकाहरुको अध्ययन, पुनरावलोकन गर्नुहोस् । ग्लोबल फन्डको सहयोगमा हाल संचालित कार्यक्रमहरुले कसरी सीआरजी को मुद्धाहरुलाई सम्बोधन गरेको छन् भनी जानकारी लिनुहोस् । |

## राष्ट्र स्तरीय बहस वा कन्ट्रि डायलग

आर्थिक सहयोगका लागि आवेदन दिनु अगावै र आवेदन दिने समयमा, आर्थिक सहयोग प्राप्त भएपश्चात कार्यक्रम संचालन गर्ने अवधीमा तथा यसको अवलोकन गर्ने समयमा आवधिक, खुला तथा वृहत बहस, छलफल गरिनु पर्दछ जुन ग्लोबल फन्डको पूर्वावश्यकता हो । यस्ता बहस, छलफलहरुमा सम्बन्धित सरकारी निकाय तथा निजी संस्थाहरुमात्र नभै समुदायका विभिन्न समूह, मुख्य जनसांख्यिक समूह, रोगबाट ग्रसित व्यक्तिहरु, मानव अधिकार वक्ताहरु तथा संस्थाहरु र नागरिक समाज लाई प्रतिनिधित्व गर्ने संस्थाहरुलाई पनि महत्वका साथ समावेश गराईनु पर्दछ । यो आर्थिक सहयोग प्रदान गर्ने पद्धतीको अभिन्न विशेषता हो र यसका लागि सी.सी.एम. हरुले राष्ट्रिय प्राथमिकताहरु, आर्थिक सहयोगको आवेदन, यसको संचालन तथा अवलोकनको सम्बन्धमा सबै सरोकारवालाहरुलाई सूचित गराउनका लागि राष्ट्रिय स्तरमा बहस, छलफल चलाउनु पर्दछ ।

**सामुदायिक निर्देशिका**

| |
|---|
| ● राष्ट्र स्तरीय बहस, छलफलका लागि समुदायका विभिन्न समूहहरु तथा मुख्य जनसांख्यिक समूहहरुलाई परिचालन गर्नुहोस् । यस्ता प्लेटफर्महरुलाई एचआईभी, टीवी वा मलेरिया सम्बन्धी राष्ट्रिय रणनीति तथा प्राथमिकताहरुमा प्रभाव पाने अवसरका रुपमा प्रयोग गर्नुहोस् । यसका साथै समुदाय केन्द्रित, मानव अधिकारमा आधारित तथा लैगिक रुपान्तरण सम्बन्धी कार्यक्रमहरु लाई छुट्टै कार्यक्रमको रुपमा र स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको आधारस्तम्भको रुपमा समाहित गर्नका लागि पैरवी गर्ने अवसरका रुपमा पनि यस्ता प्लेटफर्महरुको प्रयोग गर्नुहोस् । सीआरजी सम्बन्धी क्रियाकलापहरु किन आवश्यक छन् र यी क्रियाकलापहरु तीनवटा रोगहरु अन्त्य गर्ने नयाँ रणनीतिहरुसंग कसरी सम्बन्धित छन् भन्ने कुरा प्रष्ट पार्न तथ्य हरु प्रस्तुत गर्नुहोस् । |

- कार्यक्रमको प्राथमिकता निर्धारण तथा कार्यक्रम संचालनमा प्रभाव पार्न सक्ने विभिन्न सरोकारवालाहरुसंग छलफल गर्नुहोस् । रोग नियन्त्रण कार्यक्रमहरु सीआरजी प्राथमिकतामा कहाँ छन् भनी खोजी गर्नुहोस् र त्यसबाट कसरी सहयोग लिन सकिन्छ भन्ने बारेमा मन्थन गर्नुहोस् । राष्ट्रिय स्तरको बहस, छलफलको समयमा तपाईंका सम्बन्धित सरोकारवालाहरुले सी.आर.जी क्रियाकलापहरु किन महत्वपूर्ण छन् भन्ने बारेमा वहाँहरुको भित्रि धारणाको बारेमा बोल्नु (कुरा राख्नु) महत्वपूर्ण हुन्छ । यसैगरी तपाईंले तय गरेका सी.आर.जी. प्राथमिकताहरुका बारेमा उठेका सवालहरुलाई तपाईंले सम्बोधन गर्न सक्नु पर्दछ जुन अत्यन्तै महत्वपूर्ण छ ।
- मिल्दाजुल्दा समूहहरु, अन्य रोग सम्बन्धी मुख्य जनसांख्यिक समूहहरु तथा सम्भावित सरोकारवालाहरु संग तयारी बैठक, छलफल चलाउनुहोस् । यस्ता छलफलहरुलाई आफुले तय गरेका सीआरजी प्राथमिकताहरुमा केन्द्रित बनाउनुहोस् ।
- तपाईंको देशको लागि तय गरिएको आर्थिक सहयोगको आवेदनको समय सिमा टिपोट गर्नुहोस् र आफ्नो सी.सी.एम. सचिवालयलाई उक्त समयावधी राष्ट्रिय स्तरको छलफलको समयमा प्रस्तुत गर्न आग्रह गर्नुहोस् । तपाईंको क्रियाकलापहरु तथा बहसका लागि सोही समयसिमाको प्रयोग गर्नुहोस् । तर सोही समयमा तपाई आफु तयार नभएको कारणले गर्दा अनावश्यक रुपमा प्रकृयामा ढीलाई हुने अवस्थाको श्रृजना नहुने कुरा सुनिश्चित गर्नुहोस् ।

## राष्ट्रिय रणनीतिक योजना (एन.एस.पी)

आर्थिक सहयोगका लागि दिईने आवेदन शसक्त र अद्यावधिक रोग सम्बन्धी राष्ट्रिय रणनीतिक योजनामा आधारित हुने र यो उपलब्ध नभएमा लगानिको मामिलाहरु (ष्लखभकक्तभलत अबकभक० मा आधारित हुने अपेक्षा लिईएको छ ।

रणनीतिहरु तथ्यमा आधारित स्तरहरुको आधारमा बजेटको आंकलन सहितको र क्रियालापहरुको प्राथमिकिकरण सहितको हुनु पर्दछ र मजबुत तरिकाले तय गरिएको हुनु पर्दछ । यसका साथै यसको विकास विभिन्न सरोकारवालाहरु जस्तै नागरिक समाज, समुदाय, मुख्य जनसांख्यिक समूहको सहभागीतमा गरिएको हुनु पर्दछ । ती रणनीतिहरुले सेवाको लागि अवरोध पुयाउन सक्ने विभिन्न मुद्धाहरु (लैंगिक तथा मानव अधिकार देखि कानुनि र सामाजिक पक्षहरु) लाई समेत मध्यनजर गर्नु पर्दछ ।

यदि मौजुदा रणनीतिहरु वा लगानिको मामिलाहरुले समुदाय, मुख्य र जोखिममा रहेका समूह, लैंगिक वा मानव अधिकार सम्बन्धी मुद्धालाई पर्याप्त सम्बोधन गरेका छैनन् भने बहसमा सहभागी हुने सरोकारवालाहरुले यस्ता कमजोरीहरुलाई उजागर गर्ने र यस्ता मुद्धाहरुलाई ग्लोबल फन्डको कुनैपनि आवेदनमा समावेश गराउन माग राख्ने अधिकार राख्दछन् ।

**सामुदायिक निर्देशिका**

- तपाईंको पैरवी योजनामा सी.आर.जी. का मुद्धाहरुलाई रोग सम्बन्धी राष्ट्रिय रणनीतिक योजनमा समावेशीकरण गर्ने विषयलाई प्राथमिकिकरण गर्नुहोस् । सी.आर.जी. प्राथमिकतामा परेका क्रियाकलापका लागि ग्लोबल फन्ड आर्थिक सहयोग सुनिश्चित गर्नेका लागि यो अत्यन्तै महत्वपूर्ण छ । यसका साथै यो सम्बन्धित राष्ट्रले सी.आर.जी. सम्बन्धी प्राथमिकतालाई अपनत्व प्रदान गर्ने कुरालाई सुनिश्चित गर्ने पहिलो खुड्किलो पनि हो । यसैगरी यो मानव आधिकार तथा लैंगिक

समानता सम्बन्धी अन्य नीतिहरु तथा राष्ट्रको समग्र विकास योजनालाई सकारात्मक प्रभाव पार्ने औजार पनि हो ।

- राष्ट्रिय रणनीतिक योजना (एन.एस.पी.) एउटा उच्च स्तरीय तथा समष्टिगत दस्तावेज हो । यसले स्वास्थ्य सम्बन्धी रणनीतिहरु, समुदायका प्रणालीहरुलाई सुदृढीकरण गर्ने क्रियाकलापहरु, नीतिगत सुधार जस्ता सहयोगी वातवरण, मानव अधिकार तथा लैंगिक समानता जस्ता विषयलाई समाहित गरेको हुनु पर्दछ । एन.एस.पी. कार्यान्वयन गर्ने क्रममा समुदाय तथा मुख्य जनसांख्यिक समूहहरुलाई पनि कार्यक्रम संचालन गर्ने निकायका रुपमा लिन सकिन्छ र यसका लागि तीनको कार्यक्रम संचालन गर्ने क्षमतामा अभिवृद्धि गर्नु पर्दछ ।
- तपाईंको एन.एस.पी. अद्यावधिक भएको सुनिश्चित गर्नुहोस् । तपाईंको देशको रोगसम्बन्धी एन.एस.पी. कहिले अद्यावधिक हुँदैछ भनी पत्ता लगाउनुहोस् र उक्त प्रकृयामा भाग लिनुहोस् ।
- यदि तपाईंको देशको सी.सी.एम. ले बजेटको आवेदनका लागि ईन्भेष्टमेन्ट केश (**investment case**) को प्रयोग गरेको छ भने क्रियाकलापहरु सेवा प्रवाह वा वायोमेडिकल रणनीतिमा मात्र सिमित नभएको कुरा सुनिश्चित गर्नुहोस् ।

## आर्थिक सहयोगका लागि आवेदनको विकास

### नयाँ

कन्सेप्ट नोट' को सट्टामा 'बजेट आवेदन' को प्रयोग गरिनेछ जसले विविध बजेट आवेदन सामग्री तथा सम्बन्धित राष्ट्रको रोगको परिवेशमा आधारित पुनरावलोकन पद्धती (तबषयिचभम बउउचयबअज) लाई जनाउँदछ । उदाहरणका लागि कार्यक्रमको निरन्तरता पद्धती अनुसार आवेदन दिने राष्ट्रले तुलनात्मक रुपमा छोटो आवेदन सामग्री पेश गर्नेछन् भने ट्रान्जिसन बजेटका लागि योग्य राष्ट्रहरुले यसका लागि विकास गरिएका आवेदन सामग्रीहरु मात्र प्रयोग गर्नेछन् । एन.एस.पी. को पाईलट गर्ने आवेदकहरुले यस सम्बन्धी आवेदन सामग्रीहरु (NSP-tailored application documents) प्रयोग गर्नेछन् ।

बजेट आवेदन प्रत्येक अङ्ग (भाग) का लागि विनियोजन गरिएको रकममा आधारित हुन्छ । आवेदकहरुलाई एउटै समयमा एकीकृत बजेट आवेदन वा रोग अनुसारको छुट्टा छुट्टै बजेट आवेदन पेश गर्न प्रोत्साहित गरिन्छ । आवेदकहरुले आफ्नो बजेट आवेदनमा स्वास्थ्य सेवाको लागि लचिलो तथा दीगो प्रणाली (Resilient and Sustainable Systems for Health (RSSH) सम्बन्धी क्रियाकलापहरु पनि समावेश गर्नु पर्दछ । आर.एस.एस.एच. क्रियाकलापहरु सर्वव्यापी स्वास्थ्य सेवा हाँसिल गर्न र महामारी अन्त्य गर्न अत्यन्तै महत्वपूर्ण हुन्छन् । यस अन्तर्गत सामुदायिक प्रणाली सुदृढीकरण तथा प्रतिकार्य, सामुदायिक अनुगमन कार्यक्रम, यौन, प्रजनन्, महिला, बालबालिका, किशोर किशोरी स्वास्थ्य, एकीकृत स्वास्थ्य सेवा प्रवाह, आपूर्ति तथा वितरण प्रणाली सुधार, एन.एस.पी. तथा तथ्यांक प्रणाली सुदृढीकरण (मुख्य र जोखिममा रहेका समूह सम्बन्धी तथ्यांक संकलन तथा विश्लेषण, अधिाकारमा आधारित तथा नैतिक तवरले लिंग तथा उमेर, मानवस्रोतको परिचालन र तथ्यांक विश्लेषण प्रणाली सुधार) जस्ता विषयहरु समावेश गरिनु पर्दछ । आर.एस.एस.एच. लाई रोग विशेष बजेट आवेदनको एउटा पाटोको रुपमा सहयोग गर्न सकिन्छ वा कुनै आवेदकले छुट्टै आर.एस.एस.एच. बजेट आवेदन पनि पेश गर्न सक्नेछन् ।

**नयाँ**

सबै बजेट आवेदनहरुले अब थप आर्थिक सहयोगका लागि प्राथमिकिकरण गरिएको आवेदन समावेश गरेको हुनु पर्दछ जसले पूर्ण विनियोजनको ३० देखि ५० प्रतिशत हिस्सालाई प्रतिनिधित्व गर्दछ । यदि प्राविधिक पुनरावलोकन समूह बाट स्वीकृत भएको खण्डमा र बजेट प्रदान गर्ने समयमा बचत भएको अवस्थामा वा दाताहरुबाट ग्लोबल फन्डका लागि थप स्रोतको प्रतिवद्धता भएको अवस्थामा यी पूर्व स्वीकृत क्रियाकलापहरु लाई आर्थिक सहयोग गर्न सकिनेछ ।

**नयाँ**

दीगोपना, परिवर्तित हुने र संयुक्त लगानी सम्बन्धी नीति (Sustainability, Transition and Co-financing policy) ले बजेट आवेदनका लागि संयुक्त लगानी तथा आवेदनमा जोड दिनुपर्ने पूर्वावश्यकताहरुको पनि चित्रण गरेको छ । न्यून आय भएका तथा रोगको बोझ उच्च भएका राष्ट्रहरुले RSSH तथा सर्वव्यापी स्वास्थ्य सेवाका लागि आन्तरिक लगानी वृद्धि गर्नका लागि जोड दिईएको कुरालाई पस्तुत गर्न सक्नु पर्दछ । देशको आर्थिक विकास संगै मध्यम आय भएको राष्ट्रको रुपमा परिवर्तित भएपश्चात आवेदक राष्ट्रले कार्यक्रमका मुख्य अंगहरु (जस्तै सेवा प्रवाह, निरन्तर मानवस्रोतको आवश्यकता, अत्यावश्यक औषधीहरुको आपूर्ति, मुख्य जनसांख्यिक समूहका लागि कार्यक्रम, मानव अधिकार तथा लैंगिक समानता सम्बन्धी कार्यक्रम) मा प्रगतिशिल रुपमा लगानी र खर्च भएको अवस्था दर्शाउन सक्नु पर्दछ ।

सबै आवेदकहरुले मुख्य र जोखिममा रहेका समूहहरुलाई विशेष जोड दिनु पर्दछ र मानव अधिकार तथा लैंगिक समानता सम्बन्धी अवरोधहरुलाई सम्बोधन गरेको हुन पर्दछ । न्यून आय भएका राष्ट्रहरुले आर.एस.एस.एच. लाई टेवा पुऱ्याउने क्रियाकलापहरुलाई समावेश गराउनु पर्दछ । न्यून आय भएका राष्ट्रहरुले जम्मा बजेटको ५० प्रतिशत हिस्सा मुख्य र जोखिममा रहेका समूह केन्द्रित कार्यक्रमका लागि र/वा उच्च उपलब्धि दिन सक्ने क्रियाकलापका लागि छुट्याएको हुनु पर्दछ । उच्च वा मध्यम आय भएका राष्ट्रहरुले भने १०० प्रतिशत बजेट नै मुख्य र जोखिममा रहेका समूह केन्द्रित कार्यक्रमको निरन्तरताका लागि छुट्याउनु पर्दछ । यस्ता राष्ट्रहरुले आर.एस.एस.एच. र परिवर्तित हुने अवस्थाको तयारी सम्बन्धी क्रियाकलापहरु पनि समावेश गर्न सक्नेछन् ।

**नयाँ**

आवेदनको फरक फरक खाकाको अंगको रुपमा, ग्लोबल फन्डका लागि सी.सी.एम. का योग्यताको मुख्य आधार बजेट आवेदनका लागि सी.सी.एम. ले अंगालेको वृहत तथा सहभागीतमूलक प्रकृया तथा बजेटको मुख्य ग्राहीको छनौटका लागि अपनाएको पारदर्शी तथा खुला प्रकृया मा केन्द्रित हुनेछ । यहाँ प्रस्तुत गरिएका परिवर्तनहरु सी.सी.एम. ले पेश गर्नु पर्ने लिखित तथ्यहरुसंग मात्र सम्बन्धित छन्

'स्तरीय पुनरावलोकन' अन्तर्गत योग्यता सम्बन्धी व्याख्या र त्यसलाई सहयोग गर्ने दस्तावेजहरु पेश गर्नु पर्ने हुन्छ ।

'हलुका पुनरावलाकन' (वा केही अवस्थामा 'धेरैनै हलुका') का लागि आवश्यकता संग सम्मत हुने बयान मात्र पेश गर्नु पर्ने हुन्छ ।

बजेट आवदनको विकास गर्ने प्रकृयाको अनिवार्य पूर्वाश्यकताको रुपमा विभिन्न समुदाय तथा मुख्य जनसांख्यिक समूह लगायतका सरोकारवालाहरु सम्मिलित छलफल प्रकृया लाई महत्वका साथ जोड

दिनु अत्यन्तै आवश्यक हुन्छ । ग्लोबल फन्डले 'हलुका पुनरावलोकन' अवलम्बन गर्ने राष्ट्रहरुमा माथि उल्लेखित प्रकृया सम्पन्न भएको सम्बन्धमा कागजात माग गर्ने अधिकार राख्दछ र राष्ट्रिय स्तरका समुदायिक साझेदारहरुसंग पुरै प्रकृयामा तालमेल (छलफल) गर्नेछ ।

सम्बन्धित सी.सी.एम. हरुका लागि उपयुक्त हुने पुनरावलोकन प्रकृयाका सम्बन्धमा बजेट विनियोजन पत्र (Allocation letters) को माध्यमबाट सूचित गरिनेछ ।

**सामुदायिक निर्देशिका**

- सम्बन्धित रोगको भागका लागि कुन पद्धती अवलम्बन गरिनु पर्दछ भन्ने बारेमा जानकार हुनुहोस् । बजेट आवेदनका लागि जुनसुकै पद्धती अवलम्बन गरिने भएपनि मुख्य र जोखिममा रहेका समूहको अर्थपूर्ण सहभागीताको आवश्यकता हुनेछ ।
- हालको आर्थिक सहयोग प्रदान गर्ने पद्धतीमा नागरिक समाज सम्बद्ध संस्थाहरु, समुदायका विभिन्न समूहहरु तथा मुख्य समूह सञ्जाल हरु बजेट आवेदन विकास गर्ने क्रममा प्राविधिक लेखन टोलीको सदस्यका रुपमा रहन सक्नेछन् अथवा तीनलाई कार्यक्रम संचालकको रुपमा तोक्न सकिनेछ । सी.आर.जी. सम्बन्धी क्रियाकलापहरुलाई जोड दिन वा कार्यान्वयन गर्नका लागि यसले थप सहयोग गर्नेछ । यी अवसरहरुलाई तपाईंको वकालत सम्बन्धी रणनीति तय गर्दा आत्मसात गर्नुहोस् ।
- राज्यको प्रतिकार्यले ग्लोबल फन्डको सहयोग प्राप्त कार्यक्रमका लागि मात्र नभै राज्यको आन्तरिक बजेटबाट संचालित कार्यक्रमहरुलाई पनि बुझाउँदछ र यसलाई ग्लोबल फन्डको लागि राज्यको साझेदारीको रुपमा हेरिनेछ । बजेट आवेदनले कसरी संयुक्त लगानीको आवश्यकतालाई सम्बोधन गर्दछ भनी जाँच गर्नुहोस् । यसका साथै यसले मूख्य समूहहरुलाई समाहित गरेको छ वा छैन र मानव अधिकार तथा लैंगिक समानता सम्बन्धी अवरोधहरुलाई सम्बोधन गरेको छ वा छैन भनी जाँच गर्नुहोस् ।
- बजेट आवेदनलाई समग्र सी.सी.एम. सदस्यहरुले पारित गरेको हुनु पर्दछ । त्यसैले सम्पूर्ण सरोकारवालाहरुबाट सहयोग लिनका लागि सी.सी.एम. मा सहभागी गराउनु पर्दछ । बजेट आवेदन एकीकृत भएको अवस्थामा (उदाहरणका लागि एच.आई.भी-टी.वी.) सी.आर.जी. प्राथमिकताहरुले एक भन्दा बढी रोगका अंगहरुलाई लाभ पुऱ्याउन सक्ने सम्भावना वा समग्र स्वास्थ्य प्रणालीलाई लाभ पुऱ्याउन सक्ने सम्भावनाको खोजी गर्नुहोस् ।
- आफ्नो राष्ट्रिय टोलीको पहूँचमा पुग्नुहोस् र सी.आर.जी. प्राथमिकताहरु बजेट आवेदनमा समाविष्ट भएको सुनिश्चित गर्नका लागि सहयोग लिनुहोस् । बजेट आवेदन मुख्य जनसांख्यिक समूह, मानव अधिकार तथा लैंगिक समानता सम्बन्धी पूर्वावश्यकताहरु पुरा गर्ने खालको छ भन्ने कुरा सुनिश्चित गर्नका लागि सी.सी.एम लाई तीनीहरुले सल्लाह दिन सक्नेछन् । विभिन्न समुदाय तथा नागरिक समाज सम्बद्ध समूहहरुसंग छलफल गर्नु राष्ट्रिय टोलीको जिम्मेवारीको अंश हो । यसबाट समुदाय तथा नागरिक समाजले राष्ट्रिय टोलीको बारेमा जानकारी पाउने र उपलब्धिमूलक सम्बन्ध स्थापित गर्ने अवसर प्राप्त गरी त्यसबाट लाभ लिन सक्नेछन् ।
- रोग विरुद्धको प्रतिकार्यमा भाग लिने समुदायको क्षमता अभिवृद्धि गर्नका लागि समुदाय का प्रणालीहरुको सुदृढीकरण गर्ने क्रियाकलापहरुलाई बजेट आवेदनमा समाविष्ट गर्नु अत्यन्तै महत्वपूर्ण हुन्छ । सी.आर.जी प्राथमिकताहरु बजेट आवेदनको हिस्सा हुनु पर्दछ । यसलाई

प्राथमिकता प्राप्त तर बजेट नगरिएको मागको रुपमा मात्र सिमित राख्नु हुँदैन ।

- कार्यक्रम संचालनको खाका तयार गर्दा समुदायका विभिन्न समूह तथा मुख्य जनसांख्यिक समूह (KP) सञ्जालको भूमिकाहरु स्पष्ट रुपले तय गरिनु पर्दछ । यदि तिनीहरुलाई कार्यक्रम संचालकको रुपमा पहिचान गरियो भने तिनीहरुको क्षमता अभिवृद्धि तथा तिनले संचालन गर्ने कार्यका लागि उपयुक्त र पर्याप्त बजेटको व्यवस्था गर्नु पर्दछ ।

## प्राविधिक पुनरावलोकन समूह वा टिआरपि

सी.सी.एम. बाट पारीत भएर ग्लोबल फन्डमा पेश भएपश्चात बजेट आवेदनलाई प्राविधिक समूहले मूल्याङ्कन गर्नेछन् । उक्त मूल्याङ्कनका लागि प्राविधिक स्तर, गुणस्तर प्राविधिक निर्देशनको पालना साथै अन्य पक्षहरु लाई आधार बनाईनेछ । अन्य पक्षहरुमा बजेट आवेदन राष्ट्रको प्राथमिकताहरुलाई सम्बोधन गर्ने खालको छ वा छैन, रणनीतिहरु तथ्यहरुमा आधारित छन् वा छैनन् र निर्दिष्ट समूहका लागि उपयुक्त छन् वा छैनन्, निर्धारण गरिएका कार्यक्रम लागु गर्न सकिने खालका छन् वा छैनन् , निर्धारण गरिएका अपेक्षित नतिजाहरु राष्ट्रिय रणनीति संग सम्बन्धित वा तीनको परिपूरक हुने खालका छन् वा छैनन् तथा गरिएको लगानी उपयुक्त र धेरै नतिजा दिने खालका छन् वा छैनन् भन्ने विषयहरु हेरिनेछ । प्राविधिक मूल्याङ्कन अवलम्बन गरिएको बजेट आवदेन पद्धतीमा पनि आधारित हुनेछ ।

**नयाँ**

कार्यक्रमको निरन्तरताको लागि मात्र पेश गरिएको बजेट आवेदनहरुमा कार्यक्रममा वस्तुगत परिवर्तन ( सी.सी.एम. को सचिवालयले गरेको छुट्टै मूल्याङ्कनको आधारमा) गरिएको छैन भने प्राविधिक पुनरावलोकन समूहमा (TRP) वैधताको लागि मात्र पेश गरिनेछ । कार्यक्रम निरन्तरताको पेश गरिएको आवेदन लाई फिर्ता गरी पूर्ण वा परिवेश अनुसारको (tailored) पुनरावलोकनका लागि पुन: पेश गर्न सिफारिस गर्ने अधिकार प्राविधिक पुनरावलोकन समूह (TRP) संग सुरक्षित हुनेछ ।

**नयाँ**

नयाँ फरक फरक पद्धती अन्तर्गत प्राविधिक पुनरावलोकन समूहको विज्ञता  अब आर.एस.एस.एच, मानव अधिकार, लैंगिक समानता, परिवर्तनको तयारी जस्ता क्षेत्रमा पनि हुनेछ । मूल्याङ्कनको नतिजाको आधारमा बजेट आवेदनलाई परिमार्जनका लागि सी.सी.एम. मा फिर्ता पठाउन सकिनेछ अथवा बजेट प्रदान गर्ने थप प्रकृया अघि बढाउनका लागि प्राविधिक पुनरावलोकन समूहले सिफारिस गर्न सक्नेछ । ग्लोबल फन्डको राष्ट्रिय टोलीले समेत बजेट दिने निर्णय गर्नुभन्दा पहिले जी.ए.सी. (Grant Approval Committee) को मूल्याङ्कनका लागि सिफारिस गर्न सक्नेछ ।

**सामुदायिक निर्देशिका**

- टी.आर.पी.(वा प्रारम्भिक मूल्याङ्कनका लागि पेश गरिएको अवस्थामा जी.ए.सी.) ले बजेट आवेदनमा समावेश गरिएका सी.आर.जी सम्बन्धी मुद्दाहरु अथवा सी.आर.जी. सम्बन्धी प्राथमिकताहरुको सम्बन्धमा प्रश्नहरु सोध्न सक्नेछ । त्यसैले त्यसको उत्तरको लागि तयार रहनुहोस् ।

- बजेट प्रकृयाको अघिल्ला चरणहरुको तयारी गर्नुहोस् । यदि तपाईं समुदायका विभिन्न समूह हरुलाई कार्यक्रम संचालकको रुपमा समावेश गर्ने कोशिश गर्दै हुनुहुन्छ भने तीनीहरुको संस्थागत क्षमताको जाँच गर्नुहोस् र तीनीहरुले बजेटको मुख्य ग्राही (Principal recipient) PR वा सह-ग्राही ( sub-recipients) को पूर्वावश्यकता पुरा गर्न सक्छन वा सक्दैनन् भनी मूल्याङ्कन गर्नुहोस् । तपाईंले ती संस्थाहरुले उल्लेखित आधार पुरा गरे नगरेको सुनिश्चित गर्नका लागि प्राविधिक सहयोग प्राप्त गर्न सक्नु हुनेछ ।
- सी.सी.एम. ले टी.आर.पी. बाट प्राप्त पृष्ठपोषण लाई कसरी सम्बोधन गर्दछ भन्ने कुराको अनुगमन गर्नुहोस् । सी.आर.जी. सम्बन्धी क्रियालापहरुलाई प्राथमिकताको तल्लो तहमा नझारिएको कुरा सुनिश्चित गर्नुहोस् । पछिल्लो अवस्थाको जानकारीका लागि तथा सी.आर.जी. प्राथमिकताहरु यथावत रहेको कुरा सुनिश्चित गर्नका लागि नियमित रुपमा तपाईंको राष्ट्रिय टोली, सी.सी.एम. सचिवालय तथा सी.सी.एम. प्रतिनिधिहरु संग सम्पर्कमा रहनुहोस् । जिज्ञासा र सहयोगका लागि तपाईंले ग्लोबल फन्ड सचिवालयको सी.आर.जी. शाखा (ई-मेल) लगायत एपीसीआरजी (APCRG) तथा अन्य सी.आर.जी. सम्बन्धी क्षेत्रीय प्लेटफर्महरु संग सम्पर्क गर्न सक्नुहुनेछ ।

## बजेटको तयारि र विनियोजनको निर्णय (Grant-Making)

यस चरणमा बजेट आवेदनमा पहिचान गरिएको बजेटको मुख्य ग्राही, सी.सी.एम. तथा ग्लोबल फन्डको राष्ट्रिय टोली (फन्ड पोर्टफोलियो मेनेजरको नेतृत्वको) ले बजेटको विस्तृत विवरण तयार गर्नेछन् र मुख्य कोशेढुङ्गा तथा समय सिमाहरु को साथमा विस्तृत बजेट तथा कार्यसम्पादनको खाका तय गर्नेछन् । केन्द्रित राष्ट्रहरु (focused countries) तथा बहु देशिय कार्यक्रमहरुका लागि सुचकांकको संख्या तथा कार्य योजना अनुगमन गर्ने पद्धती पनि तय गरिनेछ । यस चरणमा कार्यक्रम संचालन गर्ने संस्थाहरुको क्षमताको मूल्याङ्कन पनि गरिनेछ यसैका आधारमा कार्यक्रम संचालन खाकामा भएका समस्याहरुलाई सम्बोधन गर्ने क्रियाकलापहरुको बारेमा सुझाव पनि दिईनेछ ।

**नयाँ**

नयाँ पी.आर. वा नयाँ क्रियाकलापहरु संचालन गर्ने विद्यमान पी.आर. को मात्र मूल्याङ्कन गरिनेछ । यसका साथै केन्द्रित राष्ट्रहरु (focused countires) ले कम सुचकांक तथा कार्य योजना अनुगमन पद्धती भएको कार्यसम्पादन खाकाको अवलम्बन गर्नेछन् ।

**सामुदायिक निर्देशिका**

- यस चरणमा समेत बजेट कार्यक्रमको संरचना वा अंगहरुमा परिवर्तन हुन सक्दछ । यस प्रकृयमा सी.आर.जी. प्राथमिकताहरु तथा मुख्य जनसांख्यिक समूह प्रतिको विशेष जोड यथावत रहेको र कार्यान्वयन गरिएको कुरा सुनिश्चित गर्नका लागि तपाईंको संलग्नता अत्यन्तै महत्वपूर्ण हुन्छ ।
- सी.आर.जी सम्बन्धी क्षमता विकास बजेट कार्यक्रम संचालकको मूल्याङ्कन प्रकृयाको हिस्सा भएको कुरा सुनिश्चित गर्नुहोस् ।

## बजेट स्वीकृती समिति-जी.ए.सी. तथा बोर्डको स्वीकृती (Grant Approvals Committee and Board Approval)

जी.ए.सी. (Grant Approavals Committee) मा प्राविधिक साझेदारहरुको तर्फबाट ग्लोबल फन्डको कार्यकारी व्यवस्थापन प्रतिनिधिहरु, समुदाय तथा नागरिक समाजको तर्फबाट एकजना प्रतिनिधि ( ग्लोबल फन्ड बोर्डका लागि ऋण डेलिगेशन बाट मनोनित गरिएको) सम्मिलित हुन्छन् । यसको जिम्मेवारी कन्सेप्ट नोटका लागि बजेटको तह (परिमाण) निर्धारण गर्ने जसमा उत्प्रेरणा सम्बन्धी बजेट समेत समावेश हुन्छ ।

जी.ए.सी. ले अपेक्षित नतिजा तथा प्रभावसंग सम्बन्धित रहेर बजेट आवेदनको रणनीतिक स्तरको मूल्याङ्कन गर्नेछ । यस मूल्याङ्कनमा निम्नलिखित पक्षहरु हेरिनेछ : बजेट आवेदनले एन.एस.पी. मा भएको कार्यक्रम सम्बन्धी कमजोरीलाई कसरी सम्बोधन गर्नेछ, मुख्य जनसांख्यिक समूहका लागि यसको जोड कस्तो छ तथा मानव अधिकार, समुदायका प्रणाली सुदृढीकरण, पैसाको मूल्य, जोखिम व्यवस्थापन, आर्थिक व्यवस्थापन तथा लगानीको दीगोपना र देशको आन्तरिक लगानीमा वृद्धि जस्ता विषयका लागि लगानी पर्याप्त छ वा छैन । जी.ए.सी. ले पूर्ण पुनरावलोकन गर्दैन तर निर्णयका लागि टी.आर.पी. को सुझावहरुलाई आधार लिन्छ र पुनरावलोकनलाई पोर्टफोलियो तहमा केन्द्रित गर्दछ ।

जी.ए.सी. पूनरावलोकन पश्चात, बजेट आवेदन बोर्डको स्वीकृतीका लागि अघिल्लो चरणमा प्रवेश गरेको वा नगरेको सम्बन्धमा आवेदकहरुले ग्लोबल फन्डबाट सूचना प्राप्त गर्नेछन्

**सामुदायिक निर्देशिका**

- यस चरणमा बजेट कार्यक्रम संचालनका लागि तयारी गर्नु महत्वपूर्ण हुन्छ । कार्यक्रमहरु संमावेश भएको (सी.आर.जी. सम्बन्धी कार्यक्रम समेत) कुरा सुनिश्चित गर्न तथा कार्यक्रम संचालन गर्ने क्षमता उपलब्ध रहेको कुरा सुनिश्चित गर्नका लागि बजेट कार्यक्रम संचालक तथा सी.सी.एम. लाई निरन्तर सहभागी गराई रहनुहोस् ।
- नागरिक समाज, समुदाय तथा मुख्य जनसांख्यिक समूह का लागि उपलब्ध प्राविधिक सहयोगका स्रोतहरुको खोजी गर्नुहोस् जसले ग्लोबल फन्ड प्रकृयामा तथा बजेट कार्यक्रम संचालनको अनुगमनमा तपाईंको संलग्नतालाई शसक्त बनाउन सहयोग गर्दछ । ग्लोबल फन्डले स्थापना गरेको सी.आर.जी. प्राविधिक सहायता कार्यक्रम को बारेमा अध्ययन गर्नुहोस् र तपाईंको संस्था यसका लागि योग्य छ वा छैन भनी जानकारी लिनुहोस् ।

## बजेट कार्यक्रम हस्ताक्षर तथा कार्यक्रम संचालन

स्वीकृत भएपश्चात पी.आर. तथा ग्लोबल फन्डको तर्फबाट बजेट सम्झौतामा हस्ताक्षर हुनेछ । यसले कार्यक्रम संचालन शुरु भएको ईङ्गीत गर्दछ । यस चरणमा पी.आर. ले आधारभूत कार्यक्रम संचालन संरचना तय गर्नेछन् जसले एस.आर.को छनौट तथा संलग्नता, अनुगमन र मूल्याङ्कन योजना लाई अन्तिम रुप दिने र कार्यक्रम निर्देशिकाहरुको विकास गर्ने जस्ता विषय हरु समावेश हुन्छन् । पी.आर. ले आवधिक रुपमा कार्यक्रम र आर्थिक पक्षसंग सम्बन्धित पछिल्लो अवस्थाको बारेमा सी.सी.एम. लाई प्रतिवेदन दिन्छ ।

**सामुदायिक निर्देशिका**

- सी.आर.जी. सम्बन्धी वा सी.आर.जी. निर्दिष्ट क्रियाकलापहरु उपयुक्त तरिकाले संचालन भएको सुनिश्चित गर्नुका अलावा बजेट कार्यक्रम संचालनले सी.आर.जी. कार्यक्रमलाई देशभित्र विस्तार गर्न धेरै अवसरहरु प्रदान गर्दछ । यसले सी.आर.जी. सम्बन्धी मुद्दाहरु तथा रोग नियन्त्रण कार्यक्रममा सी.आर.जी. क्रियाकलापहरुको प्रभाव सम्बन्धी थप तथ्यहरु जुटाउन सहयोग पुर्‍याउँछ । यसले सी.एस.ओ., समुदायका विभिन्न समूह तथा मुख्य जनसांख्यिक समूह सञ्जालहरुको क्षमता अभिवृद्धि गरी राज्यको एच.आई.भी. र मलेरिया विरुद्धको प्रतिकार्यलाई सहयोग पुर्‍याउँदछ ।
- कार्यक्रममा सुधार ल्याउनका लागि पी.आर. ले सी.सी.एम. लाई पेश गर्ने आवधिक प्रतिवेदनहरुको भरपूर प्रयोग गर्न सकिन्छ । यदि बजेट बचत भएको कुरा पी.आर. बाट जानकारी भएको खण्डमा सी.एस.ओ., समुदायका समूहहरु त्था मुख्य जनसांख्यिक समूह सञ्जालहरुले सी.आर.जी. निर्दिष्ट क्रियाकलापहरुका लागि कार्यक्रमको पुनः तर्जुमा गर्न वकालत गर्न सक्नेछन् ।

## ग्रान्ट पुनरावलोकन तथा कार्यक्रमको पुनः तर्जुमा

सी.सी.एम हरुले कार्यक्रम संचालनको आवधिक रुपमा पुनरावलोकन गर्नेछन् । कार्यक्षमतामा आधारित आर्थिक सहयोग पद्धती भएका कारणले बजेटको निकासा कार्यक्रम संचालकहरुको कार्यक्षमतामा आधारित हुनेछ । कार्यक्रम संचालक तथा सी.सी.एम. हरुका लागि कार्यक्रमलाई अझ चुस्त दुरुस्त र प्रभावकारी बनाउनका लागि कार्यक्रमको पुनः तर्जुमा गर्ने अवसर पनि हो ।

**नयाँ**

आवश्यक भएमा केन्द्रित राष्ट्रहरु (focused countries) ले वर्षको एक पटक कार्यक्रमको पुनः तर्जुमाको लागि अनुरोध गर्न सक्नेछन् । मुख्य (core) तथा उच्च प्रभावित(high impact)राष्ट्रहरुले भने आवश्यकता अनुसार कुनैपनि समयमा कार्यक्रमको पुनः तर्जुमाको लागि अनुरोध गर्न सक्नेछन् ।

**सामुदायिक निर्देशिका**

- कार्यक्रमको प्रगतीको बारेमा जानकारी लिनका लागि सी.सी.एम. सचिवालय को सम्पर्कमा रहनुहोस् । यदि तपाईं बैठकमा भाग लिन चाहनुहुन्छ भने वहाँहरु संग समन्वय गर्नुहोस् । तपाईंले आफ्नो सी.सी.एम. प्रतिनिधिहरुसंग पछिल्लो अवस्थाको बारेमा सोध्न सक्नुहुनेछ ।
- स्वीकृत बजेट संचालनको क्षमताको पहिचान को आधारमा वा सचिवालयबाट थप बजेटको व्यवस्था भएको अवस्थामा बजेट विनियोजन हुन नसकेका प्राथमिक कार्यक्रमहरुलाई सहयोग गर्न सकिनेछ र संचालन गर्न सकिनेछ ।